मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

# नदीले धार फेरिरहँदा सिंचाईमा कठिनाई

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ देशका अधिकांश सिंचाई योजना नदी, खोला, खहरेमा बग्ने पानीका आधारमा निर्माण हुन्छन् । पानीको स्रोतलाई आधार बनाएर सिंचाई योजना बनाउने गरिन्छ ।

त्यस्तै, मकवानपुरको पूर्वी क्षेत्रमा बागमती नदी बग्छ । त्यही बागमती नदीमा बग्ने पानीको आधारमा बागमती गाउँपालिकाको १ नम्बर वडामा करिब सवा २ सय विगाह क्षेत्रफलमा फैलिएको फाँटमा खेती गर्न सिंचाई योजना निर्माण गरिएको छ ।

उक्त सिंचाई योजना करिब २०५०-०५२ सालमा निर्माण भएको हो । तर, हालसम्म आइपुग्दा सिंचाई योजनाको मुख्य मुहान तीन पटक परिर्वतन भएको पाइएको छ । ठूलो क्षेत्रफलमा फैलिएको बागमती नदीले बेलाबखत धार परिवर्तन गर्दा १ नम्बर वडाका किसानलाई सिंचाई गर्न कठिनाई भएको पाइएको छ ।



बागमती नदीको धार परिवर्तन हुँदा हालसम्म तीन पटक मुहान परिवर्तन भइसकेको छ । ०५०/०५२ सालमा पहिलो पटक मुहान निर्माण भएको थियो ।

राईगाउँ सिंचाई योजनाअन्तर्गत् करिब २ सय २० विगाह क्षेत्रफलमा खेती हुँदै आएको छ । बागमती गाउँपालिका धान र मकै उत्पादनका लागि आत्मनिर्भर स्थानीय तह हो ।

तर, नदीले धार परिवर्तन गर्दा कुलोमा पानी आपूर्ति नहुने भएपछि सिंचाई गर्न समस्या हुने गरेको पाइएको हो । स्थानीयहरुले सिंचाई कुलोबाट पानी नआउँदा गत असारमा रोपाई गर्न समस्या भएको गुनासो गरेका छन् । उनीहरुले गाउँमा कुलो हुँदाहुँदै मोटरबाट पानी तानेर खेती गर्नुपरेको भन्दै साझाकुरालाई समस्या सुनाएका थिए ।

योजना कार्यान्वयन गरि रहेको जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय मकवानपुरले बागमती नदीले धार परिवर्तन गर्दा कुलोमा पानी प्रवाह हुन नसकेको जानकारी दिएको छ । कार्यालयका प्रमुख राजेश पौडेलले किसानहरुलाई कहिल्यै अप्ठरो पर्न नदिने उद्देश्यले काम गरिरहेपनि प्राकृतिक कारणले समस्या आउँदा केही गर्न नसकिएको बताए । 'अघिल्लो वर्ष सिंचाईबाट पानी बगेको थियो । हामीले धेरै मिहेनत गरेर काम गरेका छौं । तर, वारीबाट बगेको खोला नै पारी पुग्छ भने हाम्रो के दोष ?,' पौडेलले भने । डिभिजन प्रमुख पौडेलका अनुसार राईगाउँ सिंचाई योजना कार्यालयको सबैभन्दा महत्वको योजना रहेको छ ।


ठूलो क्षेत्रफलमा फैलिएको खेतीयोग्य जग्गाको संवेदनशीलतालाई बुझेर कार्यालयले राईगाउँ सिंचाई योजनालाई प्राथमिकताको योजनामा राखेर काम गरिरहेको पौडेल बताउँछन् । जिल्लामा सिंचाईका धेरै योजना छन्, तर राईगाउँ सिंचाई योजना विशेष महत्वको हो । यस योजनासँग धेरै किसानको जीवन जोडिएकोले कार्यालयबाट प्राथमिकतामा काम भइरहेको उनले बताए ।

राईगाउँ सिंचाई बहुवर्षीय आयोजना भएकोले कार्यालय हरेक वर्ष कुलो निर्माणको कामसमेत गरेको छ । करिब ८ किलोमिटर क्षेत्रफलमा कुलो निर्माण कार्य भइरहेको कार्यालयका सूचना अधिकारी इन्जिनियर श्रीधर पराजुलीले जानकारी दिए ।

बागमती नदीको धार परिवर्तन हुँदा हालसम्म तीन पटक मुहान परिवर्तन भइसकेको छ । ०५०/०५२ सालमा पहिलो पटक मुहान निर्माण भएको थियो । त्यसपछि बागमती नदीको धार परिवर्तन भएपछि मुख्य मुहानबाट करिब ५ सय मिटरको दुरीमा २०६५ सालमा दोस्रो पटक मुहान बनाइएको कार्यालयले जनाएको छ ।

कार्यालयले तेस्रो पटक मुख्य मुहानबाट करिब १ हजार ८ सय मिटरको दुरीमा आव २०७६/०७७ मा अर्को मुहान निर्माण गरेको थियो । हाल बागमती नदीमा पुल निर्माण भएपछि नदीको धार नै परिवर्तन भएको छ । पुल निर्माणका क्रममा नदी रोक्न वाल उठाएपछि धार परिवर्तन भएर मुहान भन्दा पर धकेलिएको डिभिजन प्रमुख पौडेलले जानकारी दिए ।

## आज हेटौंडामा सद्भाव पदयात्रा



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा आज शनिबार हेटौंडामा स्वामी पूर्णतेज जीको उपस्थितिमा सद्भाव पदयात्रा तथा आशिर्वाद कार्यक्रम हुने भएको छ ।

स्वस्थ्य, सुशासन, शान्ति र सद्भाव पदयात्रा तथा आशीर्वाद प्रदान गर्ने कार्यक्रम हुने भएको हो । दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सहयोगमा बिहान ७ बजे मउवा संघ परिसरमा भेला भएर पदयात्रासहित नगरपरिक्रमा गर्ने कार्यक्रम रहेको सहकारीका संस्थापक अध्यक्ष एवम् संरक्षक महालक्ष्मी उपाध्याय डीनाले जानकारी दिइन् ।

उनकाअनुसार कार्यक्रममा स्वामी पूर्णतिज जीले प्रवचन दिनुका साथै उपस्थित सबैलाई आशिर्वादसमेत प्रदान गर्ने कार्यक्रम रहेको छ । कार्यक्रम मकवानपुर उद्योग वाणिज्य संघको सभाहलमा हुने आयोजकले जनाएको छ ।

## स्थानीय निर्वाचनको उम्मेदवारहरुलाई आयोगले सोध्यो स्पष्टिकरण




साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरकोइन्द्रसरोवर गाउँपालिकाबाट स्थानीय तह निर्वाचनमा उम्मेदवार भएकाहरुलाई निर्वाचन आयोगले स्पष्टिकरण सोधेको छ ।

आयोगले निर्वाचनमा लागेको खर्चको बिल भरपाइसहित आयोगमा नबुझाएको भन्दै निर्वाचित जनप्रतिनिधि र पारजित भएका उम्मेदवारहरुलाईसमेत स्पष्टिकरण सोधेको हो । इन्द्रसरोवर गाउँपालिकाका ७१ जना उम्मेदवार र बिलम्ब गरी बुझाउने १८ जना उम्मेदवारहरुलाई निर्वाचन आयोगले स्पष्टिकरण सोधेको छ । आयोगले उनीहरुलाई तोकिएको समयभित्र के कति कारणले खर्च विवरण बुझाउन नसकिएको हो भनी स्पष्टिकरण सोधेको छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम मतपरिणाम प्रकाशित भएको ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाइसहित आयोगले तोकेको कार्यालयमा विवरण पेश गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले मतपरिणाम घोषणा भएको ३० दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ नियम ४० बमोजिम उमेदवार वा निजको प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको खर्चको विवरण तोकिएको ढाँचामा मतपरिणाम घोषणा भएको ३० दिनभित्र प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानुनी व्यवस्था छ ।

कानुनअनुसार खर्च विवरण नबुझाउने उम्मेदवारहरुको स्थानीय तह अनुसार निर्वाचन आयोगले १ भाद्रमा नामावली वेभसाइटमा प्रकाशन गरेको छ । खर्च विवरण नबुझाउनेहरुलाई निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (४) बमोजिम सफाइसहित ७ स्पष्टिकरण ७ दिनभित्र निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा पेश गर्न सार्वजनिक सूचना गरिएको छ । सूचना अनुसार पालिकाका सबै उम्मेदवारले भाद्र ७ गतेभित्र जिल्ला निर्वाचन कार्यालय मकवानपुर वा प्रदेश निर्वाचन कार्यालय हेटौंडामा गई लिखित स्पष्टिकरण दिनुपर्नेछ ।






यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# चीनले बन्द गर्‍यो एप्पल आपूर्तिकर्ताको कारखाना, आइफोन १४ मा ढिलाई हुन सक्ने



काठमाडौं/ स्मार्टफोनलगायत संसारको इलेक्ट्रोनिक्स बजार सामान उत्पादनका लागि चीनमा अत्यधिक निर्भर छ । त्यसैले जब चीनमा केही घटना हुन्छ, त्यसको असर विश्वभरको बजारमा पर्दछ । चीनले तिव्र दरमा बढिरहेको तापक्रमका कारण एक महत्वपूर्ण निर्णय लिएको छ, जसको सिधा असर प्रविधि तथा इलेक्ट्रोनिक कम्पनीमा पर्नेछ ।

समाचार अनुसार अत्यधिक गर्मीका कारण भैरहेको लोडसेडिङका कारण सिचुआन प्रान्तका विभिन्न प्रमुख कम्पनीहरु बन्द गर्नु परेको छ । चीनले सिचुआन प्रान्तमा विभिन्न ठूला कम्पनीहरु ६ दिनका लागि बन्द गरिएको छ । चीनले सिचुआनमा रहेका कारखानाहरु २० अगष्ट सम्म बन्द गर्न आदेश दिएको छ ।

त्यसरी बन्द गरिएका कम्पनीको सूचिमा संसारको सबैभन्दा ठूलो इलेक्ट्रिक कारको ब्याट्री निर्माता कम्पनी Contemporary Amperex Technology Co. Limited पनि रहेको छ । त्यसको प्रत्यक्ष असर टेस्ला गाडीका लागि ब्याट्री बनाउने CATL, एप्पलका पाटपुर्जा बनाउने फक्सकन, टोयोटा, टेक्सास इन्स्ट्रमेन्ट, फक्सवागन, अनसेमी लगायतका विभिन्न कम्पनीहरुमा परेको छ ।

चीनमा हाल ६० वर्ष यताकै सबैभन्दा विषम हिटवेभ अर्थात् तातो हावाको लहर चलिरहेको छ । जसका कारण विभिन्न सहरमा तापक्रम ४० डिग्री भनदा माथि पुगेको छ । गर्मी अत्यधिक बढेकाले एयर कन्डिसनरको प्रयोग बढ्दा विजुलीको आपूर्ति प्रभावित भइरहेको छ ।

अधिकारीहरुका अनुसार कारखानाहरु बन्द गरेर त्यस इलाकामा बस्ने मानिसहरुका लागि बिजुली बचाउने कोशिस भइरहेको छ । उक्त क्षेत्र धेरै हदसम्म जलविद्युतमा निर्भर छ र गर्मी बढेसँगै नदीहरुमा पानी कम हुँदा जलविद्युत उत्पादनमा समेत समस्या भएको छ ।

***ब्याट्री तथा सेमीकण्डक्टरको हब***


चीनको उक्त क्षेत्र केवल प्रविधि तथा अटोमोबाइल कम्पनीका लागि मात्र होइन सेमीकन्डक्टर तथा सोलार प्यानल उद्योगका लागि समेत निकै महत्वपूर्ण छ । त्यहाँ लिथियम माइनिङको काम पनि हुन्छ । लिथियमको प्रयोग विद्युतीय कार तथा स्मार्टफोनको ब्याट्रीमा हुन्छ ।

रिपोर्ट अनुसार पछिल्लो बन्दले लिथियमको आपूर्ति घट्दा त्यसले एप्पलको प्रमुख सप्लाएर फक्सकनलाई असर पर्नेछ । यसबाट एप्पलको आगामी आइफोन १४ बजारमा ल्याउन ढिलाई हुनसक्ने अनुमान गरिएको छ । तर कम्पनीले भने सिचुआनको उक्त कारखानामा केवल आइप्याड मात्रै तयार हुने भएकाले आइफोन १४ को लन्चिङमा कुनै असर नपर्ने दाबी गरेको छ ।

*- एजेन्सीको सहयोगमा*

**यौन/जीवनशैली**

# ह्वात्तै बढ्यो डेंगु, नाघ्यो ११ सय केस



काठमाडौं/ डेंगुका केस ह्वात्तै बढेको छ । गएको एक महिनामै डेंगुको ७ सय केस भेटिएको इपिडिमियोलोजी तथा रोग निमन्त्रण महाशाखाले जनाएको छ ।

गएको पुस महिनायता झण्डै साढे ११ सय जनामा डेंगु पुष्टि भएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अन्तर्गतको भेक्टर कन्ट्रोल सेक्सनका प्रमुख डा. गोकर्ण दाहालले गएको वर्षभन्दा यस वर्ष डेंगुको बिरामी बढेको बताए ।

गत वर्ष ०७८/०७९ मा ५३० केस पुष्टि भएको भएको थियो । यस वर्ष भदौ पहिलो सातामै ११ सय भन्दा बढी डेंगुका केस भेटिएको छ । डा. दाहालका अनुसार अझै तीन महिना अर्थात् कार्तिक मसान्तसम्म डेंगुका बिरामीको रिपोर्टिङ हुने भएकाले बिरामी बढ्न सक्छन् । बागमती र लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै डेंगुका केस पुष्टि भएको छ । रुपन्देही, बर्दिया, धादिङ, संखुवासभा लगायतका दश जिल्लामा ३० वटाभन्दा धेरै केस देखिएको जिल्ला १० वटा रहेका छन् ।

०७६ मा डेंगुले प्रकोपको रुप लिँदा १० हजार ८ सय ८ केस पुष्टि भएको थियो । जसमध्ये ६ जनाको मृत्यु भएको थियो भने १६ हजार जना अस्पताल भर्ना भएका थिए । डेंगु ६० भन्दा धेरै जिल्लामा देखिएको छ । यो रोग तराई, पहाड, हिमाल सबै जिल्लामा पुष्टि भएको इडिसिडिले जनाएको छ । डा. दाहालका अनुसार किट्जन्य रोग पहिले तराईमा मात्रै देखिन्थ्यो । तर वातावरणीय प्रभावका कारण तराईमा देखिने किट्जन्य रोग पहाडी, हिमाली जिल्लामा पनि देखिन थालेका छन् । किराहरु आफ्ना आनीबानी परिवर्तन गरी हिमाल, पहाडका जिल्ला सर्न थालेका छन् ।

***डेंगुसँग जुध्नका लागि के गरिँदैछ ?***

सहरी तथा घना बस्तीमा डेंगु 'एडिस एजिप्टी' र 'एडिस एल्बोपिक्टस्' प्रजातिका लामखुट्टेहरुको टोकाइबाट सर्छ । त्यसैले यसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । एडिस प्रजातिका लामखुट्टे सफा पानीमा बस्न रुचाउने भएकाले विशेष गरी सहरी क्षेत्रका कर्पोरेट हाउस, ठूला होटलमा राखिने फुलदानीमा डेंगु हुने लामखुट्टे बस्ने हुँदा सावधानी अपनाउन डा.दाहालको आग्रह छ ।

यस्तै, दैनिक प्रयोगका लागि खुल्ला रुपमा राखिएको पानी जस्तै नुहाउन, भाँडा माझ्न आदिका लागि जम्मा गरेर राखिएको पानीमा यो लामखुट्टे बस्ने गर्छ । त्यसैले भाँडामा राखिएका सफा पानी परिवर्तन गरिरहन उनको आग्रह छ ।

डेंगुको केस देखिएका क्षेत्र अन्तर्गतका प्रदेश र स्थानीय तहसँग समन्वय गरेर जनचेतनामुलक कार्यक्रम भइररहेको डा दाहालले बताए । यता इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले होटल एसोसिएसनलाई छलफलमा बोलाएर डेंगु सार्ने लामखट्टे बढ्न नदिनका लागि सजगता अपनाउने विषयमा छलफल गरिएको पनि डा. दाहालले बताए । यस्तै, इडिसिडिले सात प्रदेशमध्ये एक प्रदेशमा डेंगु सार्ने लामखुट्टेको लार्भाबारे अध्ययन गर्ने तयारी गरेको छ ।

डेंगु भएमा अचानक पेट दुख्ने, तारन्तार बान्ता हुने, आलस्य हुने, अचानक रक्तश्राव हुने, गिंजा, नाक आदिबाट रगत बग्ने, कजेलो सुनिने र प्रयोगशालामा परीक्षण गर्दा प्लेटेलेट्सको संख्या तीव्र गतिमा ओरालो र हेमाटाकृत उकालो लाग्ने गरेको हुन्छ ।

डा. दाहालका अनुहार डेंगुका केस अस्पतालमा उपचार गराउन आएकाहरुबाट रिपोर्टिङ भएको केस हुन् । डेंगु भएका सबैलाई लक्षण नदेखिने भएकाले सावधानी अपनाउन अति आवश्यक भएको उनको भनाइ छ ।

***डेंगु रोगका लक्षण:***

- एक्कासी ज्वरो आउने,
- टाउको, मांसपेशी तथा जोर्नी दुख्ने
- थकान महसुन हुने
- वाकवाकी लाग्ने वा बान्ता हुने
- आफ्नो दैनिकी,खानपानमा रुचि नलाग्ने

***लामखुट्टेबाट जोगिने र लामखुट्टे नियन्त्रण गर्ने उपाय***

- पुरा बाहुला भएका लुगा लगाउने
- झुलभित्र मात्र सुत्ने
- घरको झ्याल, ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने
- घर, कार्यालय, विद्यालय वा सार्वजनिक क्षेत्रमा पानी जम्न नदिने
- खाल्डाखुल्डी पर्ने र खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने
- गमलाको प्लेट, फुलदानी, कुलर आदिको पानी कम्तीमा हप्ताको एक पटक फेर्ने
- पानी जम्मा गर्ने भाँडा लामखुट्टे छिर्न नसक्ने गरी छोप्ने ।

*-साभार: रातोपाटी*

**साहित्य**

# ल्यांग फ्यांग



**शेखर बास्कोटा**

सबै कुरा छाडेर अहिले मोबाइमा व्यस्त ।

व्यस्त भन्ने वित्तिकै म बेरोजगार छैन । मोवाइल चलाउनु पनि एउटा अति विशिष्ट कार्यभित्र पर्दछ । यो बेरोजगारीको महामारीमा मोबाइल चलाएर व्यस्त हुनु, फेसबुकमा राम्रा राम्रा कुरा पोष्ट गर्नु । टिकटकमा भाईरल हुनु यो आधुनिक जमानाको हिरो हिरोइनै हो । मान्छेलाई किन फोकटमा बेरोजगार भन्या होला ।

फेसबुकमा अरुलाई मन परोस या नपरोस बाल मतलब, पोष्ट गर्न पाए के के न लछारपाटो लाए भन्ठान्छन् । के पोष्ट गर्ने, के नगर्ने भन्ने कुराको जानकारीका लागि नगर पालिकाले बेलाबेलाम तालिमको व्यवस्था गर्नुपर्ने हो । विचरा, बेरोजगारीको समस्या हल भएकोमा नगरपालिकाको पनि कहीकतैबाट आफ्नो उपस्थिति त हुनु पर्‍यो नी !

अरुका घरमा के पाक्या छ छैन, कतिका पेटमा चारो नपरेको कति दिन भो, कस्ले के पकायो, कस्को स्वास्नी व्याउनी छे ठ्याक्कै थाहा हुन्छ । यो मोवाइल भन्ने जन्तुले ।

ह्याप्पी वर्थ डे टु यू, को कती तरुनी छ कति बुढो भो । कस्को बिहे कैले कोसंग सब जानकारी हुन्छ ।

गज्जब चिज बन्या छ । सबका सब रोजगार । युट्युवको अर्को धमाल ।

फलानाको श्रीमति अर्कैसंग रंगे हात पक्राउ, बालबच्चाको विचल्ली, भित्र खोलेर हेर्नुस् । भित्र खोलेर हेर्‍यो समाचार अफ्रिकाको होकी अमेरिकाको हो, जिल्ल पार्दिन्छ । यो युट्यूवेहरुको आफ्नै दुनिया छ । भर्खरै आयो यस्तो अपत्यारिलो घटना, फलानो विदेशबाट आउँदा फलानी अर्कैसंग । फलानी नाइकाले यस्तो भनिन्, मिडियामा धुरुधुरु रुदै । हे युट्यूबे तिम्रा नाटकले जग हँसायो कति राम्रा समाचार हाल्छौ ए डाँकाहरु ।

देश काल परिस्थिति रितीरिवाज, धर्मसंस्कृति बाल मतलब भएन, अरुलाई के कस्तो असर पर्छ त्यो पनि बालै भएन, तिम्रा ठाडोमा जे पायो त्यही ठोस्दा अलिकति विचार गरेस । काट्टो पिण्डो जे पायो त्यही लडाउदा काला कुकुरको आचि पर्ला । निल्नु न ओकल्नु । कुकुर विरालो सबै ब्याउँछन् । तिम्रा व्याइते भुडी त्यो मोबाइलमा पसारो पारेर गर्न चाही, भन्न चाही खोजेको के हो ? सहि सामानको सही सदुपयोग गरौं । विकृति नफैलाऔं ।

*अस्तु ।*

# रक्षा बन्धन



**दीपिका योञ्जन**

कक्षा : ८, नवोदय शिशु सदन

नेपाल बहुजाति, बहुसंस्कृत र बहुभाषिक देश हो । यहाँ विभिन्न जातका मानिसहरु विभिन्न थरीका चाडपर्व मनाउँछ । हरेक सम्बन्ध नेपालीहरु तनमनले निभाउँछन् । यसैगरी दिदीभाइ, दाजुभाइको सम्बन्ध एकदमै ठूलो सम्बन्ध हो ।

यही सम्बन्धको निम्ति रक्षाबन्धन हामी प्राय: नेपालीहरु मनाइरहेका छौं । यसदिन बहिनी अथवा दिदीहरु बिहान उठी मन्दिर जान्छन् र हातमा पण्डितको सहायताबाट हत्केलामा डोरी बान्छन् र बाहुन क्षेत्री जातीहरुले जनै फेर्छन् । यसदिन दिदी, बहिनी मिठाइ फलफुल र राखी लिन्छन् र आफ्नो भाइ, दाजुलाई लगाइदिन्छन् । भाइ, दाजुले आफ्नो बहिनी, दिदीको खुट्टा ढोगेर दक्षिणा दिन्छन् । मेरो आफ्नो दाजुभाइ नभएर यस दिन साह्रै खल्लो लाग्छ तर मेरा दिदीहरु भने मलाई नै राखी लगाइदिन्छन् । यसदिन मन्दिरहरु धेरै घुइचोले भरिएको हुन्छ । यसदिनले दाजु बहिनीको सम्बन्धलाई अझैं बलियो र राम्रो बनाउँछ ।

निष्कर्षमा भन्नुपर्दा मानिसहरु आफ्नो संस्कृति र सम्बन्धहरुलाई विभिन्न तरिकाले निभाउँछन् । यसैगरी रक्षाबन्धन र दाजुबहिनीको सम्बन्धलाई रक्षा गर्छ र हामीले आफ्नो चाडपर्व मनाउनुपर्छ र सबै जातको धर्म र संस्कृतिको आदर गर्नुपर्छ ।

# हिजोको मान्छे



**भीष्म पाण्डे**

समय परिस्थिति अनि धरातल बदलिएर
फरक छ आजकाल
मेरो पृष्ठभूमि
बदलिएको मन, विचार
र
संघर्ष अनि परिवेशले
खारिएर बनेका
उत्कृष्ट भावना लिएर
तिम्रो पदचाप पछ्याउँदै
आज पनि हिजोकै
मान्छे म ।

तिमी सोध्दै थियौ
सोचेको अनि सुनेको
वास्तविकता फरक भए ?
त्यतिबेला मेरा शब्दहरू
निरुत्तरित थिए
मनभित्र विशाल सुनामीजस्तै
तरङ्गहरूको छालमा
मेरो तेस्रो नेत्रले भन्दै थियो
विचार अनि यो मन निखारिए पनि
हिजोकै मान्छे म ।

तिम्रा असंख्य सपना
तिम्रो विशाल महत्त्वाकांक्षाको
हुरीमा
मेरो वास्तविकताको
मेल नभए ?
तिम्रो अटल विश्वास अनि
भूतकालको त्यो तिम्रो स्मरणमा
मेरो भविष्यका सपनाहरूको
बेमेल भए ?
अझै भन्दा
तिम्रो सुन्दर रहरहरूको आकर्षणमा
मेरो वर्तमानभित्र
विकर्षण स्पष्टै देखिए ?
यस्तै यस्तै अलिखित अनेकौं अनुत्तरित
प्रश्नहरूले जेलिएर
फगत
बाँचिरहेको
हिजोकै मान्छे म ।

विगतका मेरा
अक्षम्य गल्ती
अनि
तिमीलाई गरेको चरम
अन्यायहरूले प्रायश्चितको
विशाल बोझ लिएर
सतहबाट शिखरमा पुगेको
यो मन
फेरि अनेकौं प्रश्नवाचक
चिन्हभित्र हराउँदै
पुन: जमिनमा ओर्लिएर
अस्पष्टताको बाटोमा
रुमल्लिएको
हिजोकै मान्छे म ।

त्यसैले त प्रिय,
यो महान गल्तीहरूको
पहाड बोकी
प्रायश्चितको नाम्लो लिएर
तिम्रा विशाल खुसीहरू
तिम्रा असीमित चाहनाका
वर्षाहरूमा
मेरो वर्तमानको दरार
बेमेल भए
दु:खभित्र पनि
म
दुखी पक्कै हुनेछैन
किनकि
तिम्रा चाहाना, सपना,
खुसी, रहर,
र
तिम्रो उच्च स्वतन्त्रताभित्र
समाहित गरेर
अगाडिको अन्धकार यात्रा
तय हुनेछ मेरो
अनि त मलाई महसुस हुन्छ
जेसुकै जतिसुकै बदलिए पनि
यो ढल्किँदो शरीर
परिवेश
र
मेरो मिठो रहर भित्रको
तितो र नमिठो
वास्तविकता
यही
आज पनि
हिजोकै मान्छे म !

# आमा




**नेहारिका यादव**

कक्षा : २, नवोदय शिशु सदन

मेरी प्यारी आमा
कति राम्री आमा
मनकी खानी आमा
सपना पूरा गर्ने आमा

मलाई ज्ञान दिने
मेरो खुसीमा रमाउने
मेरो हात समाउने
संसारकी प्यारी आमा

# म र कृषि



**निमेष ढकाल**

कृषिप्रधान देशमा
कृषकप्रधान कार्यक्रम
कहिल्यै भएन
मेरा बाले ५० वर्षमा कोदाली बोक्दा पनि
मेरो ध्यान कृषिमा कहिल्यै गएन ।

कृषिले बचाउँछ भन्दा भन्दा
कृषि आफै थला परेको थाहै भएन
म २२ वर्ष पुगिसक्दा पनि मेरो ध्यान
मेरा बाले चलाएका
कुट्टो कोदालोमा
कहिल्यै गएन ।

म अनि मेरो सपना
कृषि थला परिसक्दा
कहिलै पूरा भएन
म २२ वर्ष पुग्दा पनि मेरो बाले
चलाएका हलोमा
मेरो ध्यान कहिल्यै गएन ।

मेरो ती हजारौं
सपना कृषिसँगको
अब जीवित रहेन
मैले जति गर्दा पनि
मेरो बाले गर्नुभएको
जस्तो कृषि
कहिल्यै भएन ।

मेरा ती अद्‌भूत परिकल्पना
कृषिसँगको रहेन
अब छैन केही आश
म जीवित रहँदा पनि
मैले परिकल्पना गरेको
कृषि भैसकेछ
बेवारिस लास ।

# गजल



**डिल्लीप्रसाद अधिकारी**

मेरो भगवान न जन्मन्छ न मर्छ कहिले
कसैले भगवानलाई के गर्छ गर्छ कहिले ।।

अचेल मान्छेलाई के भएको हो यो
खै कसैले त खै भन्नुपर्छ कहिले ।।

अहंकारको परिधि पनि कस्तो ठूलो
विश्वव्यापी भएर पो यही चर्छ कहिले ।।

ञअमानवको यो मानव जगतझ भन्थे देवकोटा
महामानव पनि तल अझै तल झर्छ कहिले ।।

चेतना शुन्य छु बन्द कोठामा म पनि
बाहिरको असीनापानी खै टर्छ कहिले ।।

जे भएको होस् प्रेमको पर्यावरण
विश्वास नै पो अविश्वास ठहर्छ कहिले ।।

कविहरू बेहोस छन् आइ. सी. यू मा
वैतरणी गरेमा खोलो तर्छै तर्छ कहिले ।।

# अमलेखगञ्जमा पेट्रोल भण्डारण गृह निर्माण सुरु



हेटौंडा, ३ भदौ (रासस)/ भारत विहारको मोतिहारीदेखि अमलेखगञ्जसम्म पाइपलाइनबाट पेट्रोल आयात गर्ने दोस्रो चरणको परियोजनाअन्तर्गत पूर्वाधार निर्माण कार्य तीव्र गतिमा भइरहेको छ । दोस्रो चरणको कार्यअन्तर्गत आइओसीको प्राविधिक सहयोगमा अमलेखगञ्ज डिपोको हाताभित्र पेट्रोल भण्डारण गृह (ट्याङ्क) निर्माण सुरु भएको हो ।

मोतिहारीबाट पाइपलाइन मार्फत डिजेल आयात गर्ने पहिलो चरणको परियोजना सम्पन्न भएपछि पाइपलाइनबाट पेट्रोल आयात गर्न दोस्रो चरणको कार्य सुरु भएको नेपाल आयल निगमको अमलेशगञ्ज डिपोले जनाएको छ । मोतिहारीदेखि अमलेशगञ्ज ७६ किमीको दूरी रहेको छ । नेपाल र भारतबीच भएको सम्झौताअनुसार दोस्रो चरणको कार्य इन्डियन आयल कर्पोरेशन (आइओसी)ले गर्ने बताइएको छ ।

उक्त पूर्वाधार निर्माण गर्न एक अर्ब ३० करोड लागत लाग्ने अनुमान रहेको डिपोका प्रमुख प्रदीप यादवले जानकारी दिए । भण्डारण गृह निर्माण नभएका कारण पाइपलाइनबाट पेट्रोल ल्याउन नसकिएको उनले भने । उक्त परियोजनाअन्तर्गत पहिलो चरणको २०७६ भदौ २४ गते सम्पन्न कार्यबाट पाइपलाइनबाट डिजेल आयात गर्न सुरु भएको बताइएको छ ।

दोस्रो चरणअन्तर्गत अमलेखगञ्जमा पेट्रोल भण्डारण गर्न चार हजार एक सय किलोलिटर क्षमताका दुई ट्याङ्की निर्माण भइरहेको छ । साथै डिजेल र पेट्रोलको गुणस्तर परीक्षण गर्न प्रयोगशाला र आधुनिक प्रविधिसहित ट्याङ्कर लोड र अनलोड गर्न २४ वटा लोडिङ फिलिङ्गसेट निर्माण गर्न लागिएको हो ।

यो प्रणालीबाट लोड अनलोड गर्दा आगलागीको जोखिम कम हुन्छ । पेट्रोल चोरी र ढुवानीको समस्या हट्ने विश्वास लिइएको छ । त्यस्तै मोतिहारीमा पनि पेट्रोल भण्डारणगृह निर्माण भइरहेको छ । विगतमा रक्सौलबाट अमलेखगञ्जसम्म ३५ किमीको दूरीमा ट्याङ्करमार्फत पेट्रोलियम पदार्थअन्तर्गत पेट्रोल र डिजल आयात भइरहेको थियो । हाल पाइपलाइनबाट प्रतिघण्टा दुई सय ५० किलोलिटरका दरले डिजेल आयात भइरहेको बताइएको छ ।

पहिलो चरणको परियोजनामा पाइपलाइनमार्फत डिजल आयात गर्न नेपाल आयल निगम र आइओसीको संयुक्त लगानीमा मोतिहारीदेखि अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निमार्णको काम दुई अर्ब ७५ करोड भारतीय रुपैयाँमा सम्पन्न भएको थियो । अमलेखगजञ्मा हाल १९ हजार किलोलिटर क्षमताको डिजेल र दुई हजार एक सय किलोलिटर पेट्रोल भण्डारण गर्ने क्षमता छ ।

बजारको मागअनुसार पाइपलाइनमार्फत डिजेल आयात भइरहेको छ । उक्त पाइपलाइनबाट आयात गरिएको डिजेल वीरगञ्ज, जनकपुर अमलेखगञ्ज, काठमाडौँ, पोखरा, चितवनलगायत जिल्लामा बिक्री वितरणका लागि पठाउने गरिएको छ ।

नेपालका तर्फबाट तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री सुनिलबहादुर थापा र भारतका तर्फबाट प्राकृतिक ग्यासमन्त्री धर्मेन्द्र प्रधानबीच २०७२ साल भदौ ७ गते पेटोलियम पाइपलाइन परियोजना निर्माण गर्नका लागि सम्झौता भएको थियो । आगामी सन् २०२४ जनवरीमा पूर्वाधार निर्माण सकेर पाइपलाइनबाट पेट्रोल आयात गर्ने आयल निगमको लक्ष्य रहेको अमलेखगञ्ज डिपोले जनाएको छ ।

# निर्वाचनमा केन्द्रित हुन अध्यक्ष दाहालको निर्देशन



काठमाडौँ, ३ भदौ (रासस)/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा केन्द्रित हुन युवापंक्तिलाई निर्देशन दिएको छ ।

माओवादीको सहायक संगठन येङ कम्युनिष्ट लिग (वाइसिएल)को राष्ट्रिय भेलालाई शुक्रबार सम्बोधन गर्दै उनले आसन्न निर्वाचनमा पार्टीको पक्षमा एकढिक्का भएर लाग्न निर्देशन दिए ।

"चुनावी महासंग्राम अगाडि छ, त्यो संग्राममा युवाले महत्वपूर्ण भूमिका खेल्नुपर्नेछ", उनले भने, "अब तपाईंहरू क्रान्तिकारीलाई विजयी गराउने र समाजवादी क्रान्तिको आधार तयार पार्नेमा केन्द्रित भएर लाग्नुपर्नेछ ।"

राजनीतिक संघर्षका क्रममा युवाले खेलेको भूमिका अविस्मरणीय रहेको उल्लेख गर्दै उनले आगामी निर्वाचनमा फौजका रूपमा खटिन पनि युवापङ्क्तिलाई आग्रह गरे । "युवा शान्तिपूर्ण फौजका रूपमा खटिनुपर्छ", अध्यक्ष दाहालले भने । राजनीतिक सफलतासँगै अब समाजवादी क्रान्ति सम्पन्न गर्न युवाको महत्वपूर्ण भूमिका रहेको भन्दै उनले युवा सक्रियताले माओवादीको नेतृत्वमा समाजवादी क्रान्ति सम्भव हुने बताए । "माओवादीकै नेतृत्वमा समाजवादी क्रान्ति अगाडि बढ्ने विषयलाई कसैले पनि रोक्न सक्दैन", अध्यक्ष दाहालले भने ।

माओवादी केन्द्र नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गर्न क्रियाशील रहेको जनाउँदै उनले जनताको विशाल समाजवादी सेना तयार गर्ने र उत्पादन वृद्धिको नयाँ अभियानमा पार्टी केन्द्रित भएको बताए । "कम्युनिष्टलाई एकताबद्ध गर्ने अभियान केही कारणले असफल भएको छ, त्यो असफलताबाट हामी निरास हुनुहुँदैन", उनले भने, "फेरि त्यसलाई सफल बनाउन अर्को ढङ्गबाट अगाडि बढाउनुपर्ने छ ।"

वामपन्थीलाई एकताबद्ध गर्दै कम्युनिष्ट आन्दोलनलाई एकीकृत बनाएर समाजवादको यात्रामा अगाडि बढ्ने पार्टीको नीति रहेको उनको भनाइ छ । 'आत्मनिर्भताका लागि नीति निर्माणमा युवा सहभागिता सुनिश्चित गरौँ, सुदृढ संगठन विस्तारका लागि दोस्रो राष्ट्रिय भेला सफल पारौँ' नारामा आजदेखि सुरु भएको भेलामा भौगोलिक तथा गैरभौगोलिक जिल्ला, प्रदेशबाट ६ सय प्रतिनिधिको सहभागिता रहेको छ ।

# जनसंगठनका अगुवा कार्यकर्तालाई प्रशिक्षण

साझाकुरा संवाददाता




हेटौंडा, ३ भदौ/ हेटौंडामा नेकपा एमाले मकवानपुरले पार्टी सुदृढीकरण र सुद्धिकरण अभियानअन्तर्गत् जनवर्गीय संगठनका पदाधिकारीहरुलाई प्रशिक्षण दिएको छ ।

जनसंगठन समन्वय संयन्त्र, नेकपा एमाले मकवानपुरको आयोजनामा भएको कार्यक्रममा एमालेको भातृ संगठन अनेरास्ववियु, राष्ट्रिय युवा संघ, मजदुर संगठन, प्रेस चौतारीलगायतका संगठनका पदाधिकारीलगायतको सहभागिता थियो ।

नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा पूर्वमन्त्री भानुभक्त ढकालले प्रशिक्षणा कार्यक्रमको उद्घाटन गरेका हुन् । ढकालले मुलुकको विकासका लागि नेकपा एमाले पार्टीको आवश्यकता रहेको बताए । उनले गठबन्धनका कारण मुलुक संकटमा परेको बताए । आगामी निर्वाचनबाट एमाले प्रमुख शक्तिका रुपमा रहने ढकालको दाबी छ ।

जनसंगठन् समन्वय संयन्त्र मकवानपुरका इन्चार्ज हिदम लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य तथा मकवानपुर इन्चार्ज रामेश्वर राना, केन्द्रीय सदस्य भारती पाठक, नेकपा एमालेका बागमती प्रदेश कमिटीका उपसचिव महेशकुमार बतौंला, नेकपा एमालेका प्रदेश किमटीका सदस्यहरु रघुनाथ खुलाल, एकराज उप्रेती, भोजराज ढकाल, देबराज रिमाल, नेकपा एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठलगायतकाको आतिथ्यता रहेको थियो ।

# उम्मेदवार छनोटको गृहकार्य सुरु




काठमाडौँ, ३ भदौ (रासस)/ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं छनोट गर्न यही भदौ १० गतेभित्र जिल्ला कमिटीमा सिफारिस गरिसक्न निर्देशन दिएको छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले निर्धारित समयमा गरेको सिफारिसलाई सम्बन्धित जिल्ला कमिटीले भदौ १२ गतेभित्र प्रदेश कमिटीमा सिफारिस गर्नुपर्ने छ । पार्टीका महासचिव डा. बेदुराम भुसालका अनुसार ती सिफारिस भएका नामलाई प्रदेश कमिटीले भदौ १५ गतेभित्र केन्द्रमा सिफारिस गर्ने र केन्द्रीय कमिटीले भदौ २० गतेभित्र उम्मेदवारको अन्तिम निर्णय गरिने छ । केन्द्रले उम्मेदवार छनोटका लागि औपचारिक तथा अनौपचारिक रूपमा प्रक्रिया सुरु गरिसकेको छ ।

पार्टीको कार्यदिशा, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रहेको नेता तथा कार्यकर्तालाई उम्मेदवार बनाइने छ । पार्टी संगठन निर्माणमा सक्रिय भूमिका खेलेका र योगदान गरेको, पार्टी र क्रान्तिप्रतिको निष्ठा र अनुशासनमा दृढ, आर्थिक एवं नैतिक आचरण राम्रो रहेको, जनतामा स्थापित एवं लोकप्रिय, स्वच्छ छवि भएको र सुशासनको पक्षपाती, कार्यक्षमता राम्रो भएको तथा सक्रिय र समावेशीताको सिद्धान्तअनुसार उम्मेदवार छनोट गरिने छ ।

प्रतिनिधिसभाको सदस्यमा प्रत्यक्ष तथा समानुपातिकतर्फको उम्मेदवार बनाउनका लागि पार्टीको प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीले कम्तीमा एक महिलासहित बढीमा चारजनाको नाम जिल्ला कमिटीमा सिफारिस गर्न गृहकार्य भइरहेको छ । जिल्ला कमिटीले उक्त चारजनामध्येबाट कम्तीमा एक महिलासहित बढीमा तीनजनाको नाम प्रदेश कमिटीमा सिफारिस गर्ने छ ।

प्रदेश कमिटीले उक्त तीनजनाप्रतिको आफ्नो धारणासहित केन्द्रमा पठाउन तथा केन्द्रीय कमिटीले मातहत कमिटीबाट सिफारिस भई आएका तीनजनामध्येबाट प्रत्यक्ष वा समानुपातिकतर्फको उम्मेदवार बनाउन निर्णय गर्ने पार्टी केन्द्रीय प्रचार विभाग सदस्य कृतु भण्डारीले जानकारी दिए । प्रदेशसभाको सदस्यमा प्रत्यक्ष तथा समानुपातिकतर्फ उम्मेदवार बनाउनका लागि पार्टीको प्रदेशसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीले नाम सिफारिस गर्ने छ । उनका अनुसार पार्टी संगठनमा योग्य र सक्षम नेता भए पनि पार्टी गठबन्धनमा आबद्ध रहेकाले त्यसको भावनाअनुसार फरक/फरक भूगोलमा उम्मेदवार छनोट गर्नुपर्ने छ ।

एकमात्र निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला कमिटीले नै प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय समन्वय कमिटीको काम गर्ने छ । यदि कुनै जिल्लामा निर्वाचन क्षेत्रीय समन्वय कमिटी नबनेको भए एक हप्ताभित्र उक्त कमिटी गठन गरी सिफारिससम्बन्धी काम गर्न परिपत्र गरेको छ ।

विशेष प्रदेश र विशेष जिल्ला कमिटीले पनि समानुपातिक उम्मेदवारका लागि एक महिला र एक पुरुषको नाम सिफारिस गर्नसक्ने छन् । केद्रीय कमिटीले मातहत कमिटीबाट सिफारिस भई आएका र केन्द्रको अभिलेखमा रहेका नामबाट छनोट गरी बन्दसूची तयार गर्ने छ । उम्मेदवारसम्बन्धी निर्णय सकेसम्म कमिटीको पूर्ण बैठकबाट गर्ने, पूर्ण बैठक बस्न सम्भव नभएमा सचिवालयको बैठकबाट पनि टुङ्गो लगाउने नीति छ । कुनै निर्णय विवादित भएमा एक तह माथिल्लो कमिटीले छानबिन गरी फैसला गर्ने छ ।

पार्टीका जनवर्गीय संगठनले विभिन्न रचनात्मक कार्य गरी देशभर पार्टीका पक्षमा जनमत सिर्जना गर्न चुनावी अभियान सुरु गरी प्रचारसमेत थालेको छ । उम्मेदवार छनोट भएपछि घरदैलोलगायत प्रचार प्रसार कार्य गरिने छ ।

# बालिका अपहरणको आरोपमा प्रहरीसहित दुई पक्राउ



गलकोट, ३ भदौ (रासस)/ बालिका अपहरणको आरोपमा प्रहरी जवानसहित दुई जनालाई जिल्ला प्रहरी कार्यालय बागलुङले पक्राउ गरेको छ । धादिङ घर भई बागलुङ नगरपालिका-१ रामरेखा बस्दै आएकी सपना थापाकी छ वर्षीया छोरी सुहाना तामाङलाई अपहरणको प्रयास गरेको भन्दै प्रहरी जवान शङ्कर आचार्य र जैमिनी नगरपालिका-७ की ३६ वर्षीया भगवती क्षेत्रीलाई प्रहरीले शुक्रबार नियन्त्रणमा लिएको हो ।

बागलुङ नगरपालिका वडा नं २ हल्लनचोकमा रहेकी सुहानालाई जबर्जस्ती गाडीमा राखेर प्रहरी जवान आचार्य र ती महिलाले बुद्ध विहारतिर लगेका थिए । स्थानीय र प्रहरीले उनीहरूलाई रोकेका थिए । प्रहरी नियन्त्रणमा रहेका आचार्य र केसीले बालिका भएको स्थानमा पुगेका स्थानीयलाई तथानाम गाली गरेको प्रत्यक्षदर्शी रुद्र महतले बताए । बालिकाकी आमा सपना थापाले प्रहरीबाटै नागरिक सुरक्षित नभएको बताए । उनले आफू कार्यालयमै रहेको र श्रीमान् तरकारी लिन गएको समयमा प्रहरी र महिला मिलेर आफ्नो छोरी अपहरण गर्न खोजेको बताए । प्रहरीले ती दुई जनालाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगेपछि स्थानीयको ठूलो संख्या राति प्रहरी कार्यालयमा उपस्थित भएका थिए । उनीहरूले दुवै जनालाई कडा कारबाही गर्न माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी इन्द्रबहादुर रानाले अपरहण हो या होइन भन्ने विषयमा अनुसन्धान सुरु भएको र मदिरा सेवन गरेका प्रहरी जवानलाई समेत कारबाही गर्ने बताए ।

# छुट्टाछुट्टै दुर्घटनामा तीन जनाको मृत्यु




चितवन, ३ भदौ (रासस)/ चितवनमा छुट्टाछुट्टै दुर्घटनामा शुक्रबार तीनजनाको मृत्यु भएको छ । इच्छाकामना गाउँपालिका-४ कुरिनटारमा ट्रकमा मोटरसाइकल ठोक्किँदा दुई जनाको तथा रत्ननगरका अर्का एक व्यक्तिको ज्यान गएको हो ।

काठमाडौंबाट नारायणगढतर्फ आउँदै गरेको ना६ख ५९१३ नंको ट्रकमा सोही दिशाबाट आउँदै गरेको बा८८प ५३०१ नंको मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक र त्यसमा सवार दुवैको मृत्यु भएको हो । पृथ्वी राजमार्गअन्तर्गत कुरिनटारमा भएको दुर्घटनामा परी मृत्यु हुनेमा मोटरसाइकल चालक दैलेखका २५ वर्षीय सरोज रोकाय र मोटरसाइकलमा सवार सर्लाहीको ईश्वरपुर गाउँपालिका-१ का ३१ वर्षीय सरोज माझी रहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

ठक्करबाट घाइते दुवै जनाको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको हो । ट्रक चालक इलाका प्रहरी कार्यालय मुग्लिनको नियन्त्रणमा छन् । यस्तै पूर्वी चितवनको रत्ननगरमा बोलेरोले जीपले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । रत्ननगर नगरपालिका-९ खगेरी पुलमा भएको दुर्घटनामा परी पैदलयात्री स्थानीय ७१ वर्षीय खड्कबहादुर रानामगरको मृत्यु भएको ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

घाइते रानामगरको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको हो । ठक्कर दिने जीपको पहिचान खुल्न सकेको छैन । स्थानीयले अहिले सडक अवरुद्ध गरेका छन् ।

## हार्दिक श्रद्धाञ्जली



जन्मः
२०३६/०९/१०

स्व.सुनिलराज बज्राचार्य

स्वर्गारोहणः
२०७९/०४/२९

हाम्रो आत्मीय मित्र **सुनिल राज बज्राचार्य**को अल्पायूमै स्वर्गारोहण भएकोप्रति
हामी ज्यादै मर्माहत भएका छौं । आज ७ औ दिनको पुण्यतिथिमा
दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल
परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान
गरुन् भनी भगवानसंग प्रार्थना गर्दै
हार्दिक समवेदना व्यक्त गर्दछौं ।

विरेन्द्र बज्राचार्य
प्रविन शाक्य

सुदेश मानन्धर
प्रमेश बज्राचार्य

रविन श्रेष्ठ
रितेश के.सी
निश्चल शाक्य

हेटौंडा, मकवानपुर

## मोटरसाइकल हरायो

निम्न व्यहोराको मोटरसाइकल २०७९ साल साउन ८ गते हेटौंडा-४ सितलमहल चोकस्थित अर्याल कम्प्लेक्स अगाडी पार्किङ्ग गरिरहेको अवस्थाबाट बिहान अन्दाजी १२:३८ बजे हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा खबर गरिदिनु हुन अनुरोध गरिन्छ ।

**मोटरसाइकल नम्बर:** बा प्र-०३-००५ प ३७७४
**मोटरसाइकल धनीको नाम:** बवि लामा
**मोटसाइकलको ब्राण्ड (नाम):** पल्सर, २२० सीसी
**मोटरसाइकलको रंग:** कालो
**मोटरसाइकल बनेको वर्ष:** सन् २०२१
**चेचिस नम्बर:** MD2A13EXOMCF91828
**इन्जिन नम्बर:** DKXCMF17064
**सम्पर्क फोन नम्बर:** ९८६४६७१८५३

## के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## हार्दिक समवेदना

जन्म:
२०२६/९/१०



मृत्यु:
२०७९/०४/२९

हाम्रो यस संस्थाका शेयर सदस्य एवम् पूर्व कर्मचारी **सुनिलराज बज्राचार्य**को अल्पायूमै स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहत भएका छौं । आज ७ औ दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

रूपकराज बज्राचार्य (अध्यक्ष)
एवम्
**सम्पूर्ण पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

# मिलापत्रमा नै टुंगिन्छन् अधिकांश घरेलु हिंसाका घटना

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरमा घरेलु हिंसाको अधिकांश घटना मिलापत्र हुने गरेको पाइएको छ ।

गत आर्थिक वर्ष २०७८/७९ मा जिल्ला प्रहरी कार्यालय मकवानपुर अन्तर्गतको महिला बालबालिका जेष्ठ नागरिक केन्द्रमा दर्ता भएको घरेलु हिंसाको अधिकांश घटना मिलापत्र भएको पाइएको हो । केन्द्रले उपलब्ध गराएको तथ्यांकअनुसार गत एक वर्षमा ४३९ वटा निवेदन दर्ता भएकामध्ये २६० को मिलापत्र भएको छ ।

६१ मुद्दा अदालत गएको र ११८ वटा निवेदनको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । केन्द्रको अनुसार घरेलु हिंसाबाट सबैभन्दा धेरै महिला पिडित बनेका छन् । हिंसाबाट पिडित बनेका अधिकांश महिलाहरुले प्रहरीमा निवेदन दिएपनि मिलापत्रमा नै घटना टुंग्याउन चाहने गरेका छन् ।

केन्द्रको अनुसार गत आर्थिक वर्ष २०७८/०७९ को पहिलो महिना साउनमा ३८ वटा घरेलु हिंसाको निवेदन दर्ता भएका थिए । जसमध्ये ३३ घटनाको प्रहरीले मिलापत्र गराएको थिए भने २ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । यो तथ्यांक हेर्दा प्रहरीसम्म आइपुगेका अधिकांश घरेलु हिंसाको घटना मिलापत्रमा नै टुंगिने गरेको स्पष्ट हुन्छ ।

त्यस्तै, निवेदन दिने तर प्रहरीको सम्पर्कमै नआउने तथा निवेदनपछि आफैं मिलेका जस्ता कारणले तीनवटा निवेदन होल्डमै रहेको तथ्यांक छ । यस्तै, भदौ महिनामा ४४ वटा घरेलु हिंसाको निवेदन दर्ता भएको थियो । जसमध्ये २५ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ६ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । त्यस्तै, १३ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ । असोजमा ३३ वटा घरेलु हिंसाको निवेदन दर्ता भएको थियो । जसमध्ये १७ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ३ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।



त्यस्तै, १३ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ । कात्तिकमा ३७ वटा घरेलु हिंसाको निवेदन दर्ता भएको थियो । जसमध्ये २३ घटनाको मिलापत्र भएका थिए भने ७ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

त्यस्तै, ७ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ । यस्तै, मंसिरमा ३४ वटा घरेलु हिंसाको निवेदन दर्ता भएको थियो । जसमध्ये २४ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ६ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । त्यस्तै, ४ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ । पुसमा ३६ वटा घरेलु हिंसाको निवेदन दर्ता भएकामध्ये २५ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ३ वटा मुद्दा अदालत पठाइएको र ८ वटा निवेदनको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ ।

त्यस्तै, माघमा २४ वटा घरेलु हिंसाको निवेदन दर्ता भएकामध्ये १४ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ५ वटा मुद्दा अदालत पठाइएको र ५ वटा निवेदनको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ । फागुनमा ३१ वटा घरेलु हिंसाको निवेदन दर्ता भएको थियो । जसमध्ये १५ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ४ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

त्यस्तै, १२ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ । चैत्रमा ३९ वटा घरेलु हिंसाको निवेदन दर्ता भएकामध्ये २५ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ८ वटा मुद्दा अदालत पठाइएको र ६ वटा निवेदनको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ । यस्तै, वैशाखमा ३६ वटा निवेदन दर्ता भएकामध्ये १४ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ७ वटा मुद्दा अदालत पठाइएको र १५ वटा निवेदनको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्यांक छ ।

जेठमा ४५ वटा घरेलु हिंसासम्बन्धी निवेदन दर्ता भएका थिए । जसमध्ये २६ घटनामा मिलापत्र गरिएको थियो भने ३ वटा मुद्दा अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । त्यस्तै, १६ वटा निवेदनको काम बाँकी रहेको तथ्यांक छ ।

आर्थिक वर्षको अन्तिम महिना असारमा ४२ वटा घरेलु हिंसासम्बन्धी निवेदन दर्ता भएकामध्ये १९ घटनाको प्रहरीले मिलापत्र गराएका थिए भने ७ वटा मुद्दा अदालत पठाइएको र १६ वटा निवेदनको काम चालू आर्थिक वर्षमा सरेर आएको केन्द्रले जनाएको छ ।



मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ स्थित मकवानपुरगढी दरबार परिसरमा पूजाआजाका निम्ति उपस्थित भक्तजन । ३ भदौमा परेको श्रीकृष्ण जन्माष्टमीका दिन गढी दरबारभित्र रहेको बंशीगोपालको मन्दिरमा भक्तजनहरुले पूजाआजा गरेका छन् । गढीस्थित मन्दिरमा ठूलो एकादशी र कृष्णजन्माष्टीका दिन भक्तजनहरुको बाक्लो उपस्थिति हुने गर्दछ । कृष्णजन्माष्टी दिनको अबसर पारेर केही दिनअघि मात्रै २ नम्बर वडा कार्यालयले दरबार परिसर सरसफाई गरेको वडाध्यक्ष बखान सिंह पाख्रिनले जानकारी दिए । *तस्बिर: साझाकुरा*

## रोट्र्याक्ट क्लबको औपचारिक बैठक हेटौंडामा हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ नेपाल भरिका रोट्र्याक्ट क्लवहरुको अध्यक्ष र सचिवहरुको औपचारिक बैठक हेटौंडामा हुने भएको छ ।

रोट्र्याक्ट डिष्ट्रिक्ट ३२९२ अन्तर्गतका नेपाल भरिका रोट्र्याक्ट क्लवहरुको अध्यक्ष र सचिवहरुको औपचारिक बैठक (प्रेसिडेन्ट/सेक्रेटरी मिट) हेटौंडामा हुने भएको हो ।

शुक्रबार रोट्र्याक्ट क्लव अफ हेटौंडा र रोट्र्याक्ट क्लव अफ मकवानपुरले संयुक्त रुपमा हेटौंडामा पत्रकार सम्मेलन गर्दै प्रेसिडेन्ट/सेक्रेटरी मिट भदौ २५ गते हेटौंडामा हुने भएको जनाएको छ ।




बैठकमा देशभरका १ सय ७६ रोट्र्याक्ट क्लबका अध्यक्ष र सचिवहरु सहभागिता रहने रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदिप कुमार राईले जानकारी दिए । रोट्र्याक्ट डिस्ट्रिक केन्द्रीय कमिटीको मुल संयोजनमा हुने कार्यक्रम रोट्र्याक्ट क्लब अफ हेटौंडा र रोट्र्याक्ट क्लब अफ मकवानपुरले आयोजना गर्ने भएको हो । हरेक वर्ष हुँदै आएको कार्यक्रम गत वर्ष पोखरामा भएको थियो । कार्यक्रम भदौ २५ गते शनिबार बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म हेटौंडा-२ स्थित होटल एभोकाडोमा हुनेछ । कार्यक्रममा करिब १ हजार जनाको सहभागिता रहने जनाइएको छ । कार्यक्रममा २० लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको छ । बैठकमा विभिन्न क्लव तथा रोट्र्याक्टसँग सम्बन्धित विभिन्न मद्दाहरु तथा प्रस्तावहरुमा छलफल गरी निष्कर्ष निकालिने राईले बताए । सामाजिक सेवा गर्ने उद्देश्य बोकेको रोट्र्याक्ट क्लब अहिले १ सय ७० देशमा सञ्चालनमा रहेको उनको भनाइ छ ।

## वडा समन्वय समिति अध्यक्षमा खतिवडा

साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडाको टोल विकास संस्था वडा समन्वय समितिको अध्यक्षमा बासुदेव खतिवडा निर्वाचित भएका छन् ।

समितिको पदाधिकारी छनौटका लागि भएको निर्वाचनबाट खतिवडाले ३९ मत ल्याएका थिए । उनका प्रतिद्वन्द्वी बलभद्र खतिवडाले ३७ मत मात्रै पाएका थिए । उपाध्यक्षमा ४२ मत पाएर रमेश कुमार थापा विजयी भए । थापासँग हरिप्रसाद दाहाल ३३ मत पाउँदै पराजित बने । सचिवमा ३८ मत पाउँदै राजकुमार फुयाँल सचिवमा निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्दी हरिकृष्ण पुडासैनीले ३७ मत मात्रै पाए । कोषाध्यक्षमा नानीमाया रुम्बा ४० मत पाउँदै निर्वाचित भएकी छन् । कोषाध्यक्षमै शोभा घिमिरेले ३३ मत पाएकी थिइन् । समितिको सदस्यहरुमा जिवकुमारी पौडेल, निर्मला राई, पवित्रा अधिकारी, पवित्रा थापा, मदन न्यौपाने, शोभा ढुंगाना र सविना गुरुङ निर्वाचित भएको निर्वाचन समितिका संयोजक रुपेश दुलालले जानकारी दिए ।

समन्वय समितिको २८ साउनमा भएको साधारणसभाले पदाधिकारी छनौट गर्न नसकेपछि निर्वाचन भएको थियो । वडामा क्रियाशिल विभिन्न पार्टीहरुले प्यानल बनाएर निर्वाचनमा सहभागी भएका थिए । नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राप्रपा र राप्रपा नेपाल लगायत पार्टीहरुले गठबन्धनै बनाएर निर्वाचनमा गएका थिए । निर्वाचनमा ७७ मत खसेको थियो भने १ मत बदर भएको थियो ।

## कार्की श्रीमती बलात्कार अभियोगमा पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ३ भदौ/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको एक युवक आफ्नै श्रीमती बलात्कार गरेको अभियोगमा पक्राउ परेका छन् ।

थाहा-७ घर भएकी महिलाले आफ्नै श्रीमानले बलात्कार गरेको उजुरी दिएपछि युवकलाई प्रहरीले काठमाडौंबाट पक्राउ गरेको हो । थाहा-७ घर भई बानेश्वर बस्ने २५ वर्षीय दिनेश कार्की छन् । आफ्नै पत्नीले दिएको बलात्कारको उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंले उनलाई अनामनगरबाट पक्राउ गरेको जनाइएको छ । २५ वर्षीय कार्कीविरुद्ध उनकै पत्नीले जबर्जस्ती करणी गरेको जाहेरी दिएकी थिइन् । बागबजारमा आफुलाई बलात्कार गरेको पत्नीको आरोप छ ।

कार्कीलाई पक्राउ गर्न जिल्ला अदालत काठमाडौंले साउन १७ मा पक्राउ अनुमति दिएको थियो । पत्नीका कार्कीलाई केही दिनअघि काठमाडौंमै कालोमासोसमेत दलेकी थिइन् । कार्की दम्पतीबीच लामो समयदेखि सम्बन्ध राम्रो थिएन ।


**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा

**विद्यार्थी भर्ना सम्बन्धि सूचना**

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर**: ०५-५२०६००, ९८५५०६१९९०, ९८४५०५८६१५, ९८४५०६२२४६, ९८५५०६०६४६

प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२

**विक्की फ्रेस मिट शप**



हेटौंडा-२, चौकीटोल



**हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।**

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

हेटौंडा उपमहानगरपालिका कार्यालय
**नगर कार्यपालिकाको कार्यालय**
हेटौंडा, मकवानपुर

**फोहोर पृथकीकरण (कुहिने र नकुहिने छुट्याउने) सम्बन्धी अत्यन्त जरुरी सूचना**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ (१), (२) तथा हेटौंडा उपमहानगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा २४ (१), (२) को व्यवस्था अनुसार २०७९ साल भाद्र ३ गतेदेखि स्रोतमा नै जैविक (कुहिने) र अजैविक (नकुहिने) फोहोरको पृथकीकरण गर्नुहुन सम्पूर्ण नगरबासीमा हार्दिक अनुरोध गर्दछौं । उक्त व्यवस्था अनुसार फोहोर पृथकीकरण गर्ने जिम्मेवारी फोहोर उत्पादनकर्ताको नै भएकोले फोहोर वर्गीकरण गरी सकेसम्म आफ्नो घरबाट निस्किने कुहिने फोहर आफ्नै घरमा व्यवस्थापन गर्नु हुन अनुरोध गर्दछौं । सो व्यवस्थापन गर्न नसक्ने नगरबासीहरुले बारको आधारमा फोहोर संकलन गर्न आउने ढुवानी साधनमा फोहर निश्काशन गर्नहुन साथै बजार क्षेत्रका पसल व्यवसायीहरुले आफ्नो फोहोर डस्टबिनमा राखी फोहोर संकलन गर्न आउने ढुवानी साधन आँउदामात्र फोहोर निश्काशन गर्न जानकारी गराईन्छ ।

*सडक, सार्वजनिक स्थल, खोलामा जथाभावी फोहोर हुनबाट रोकौं **सफा हेटौंडा अभियान**लाई सफल पारौं ।*


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना